भारतीय राजदूतावास

काठमाडौँ

*****

# **प्रेस विज्ञप्ति**

## मनाङमा अस्पताल भवनको शिलान्यास समारोह

नेपालको गण्डकी प्रदेशको मनाङ जिल्लाको नार्सों गाउँपालिका वडा नम्बर ५ मा अस्पताल भवन निर्माणका लागि आज काठमाडौंस्थित भारतीय राजदूतावासका नियोग उप-प्रमुख डा. राकेश पाण्डे र नार्सों गाउँपालिकाका अध्यक्ष श्री धन बहादुर गुरुङले संयुक्त रूपमा शिलान्यास गर्नुभयो।

२. भारत सरकारको आर्थिक सहयोग करिब नेरु. ५.६ करोडमा यो अस्पताल भवन निर्माण हुन लागेको हो। यो उच्च प्रभाव सामुदायिक विकास परियोजना मनाङको नार्सों गाउँपालिकामार्फत कार्यान्वयन गरिनेछ।

३. नार्सों गाउँपालिकाका अध्यक्ष तथा अन्य सरोकारवालाहरुले भारत सरकारद्वारा प्रदान गरिँदै आएको विकास सहयोगको प्रशंसा गर्नुभयो र नयाँ संरचनाले नार्सों गाउँपालिकामा स्वास्थ्य सेवाको पहुँचलाई थप सहज बनाउन मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो।

४. नजिकका छिमेकीको रुपमा भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहँदै आएको छ । उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनले प्राथमिकताका क्षेत्रहरुमा पूर्वाधार विकास गर्नुका साथै विकास र समृद्धिलाई अगाडि बढाउने नेपाल सरकारको प्रयासलाई सुदृढ पार्न भारत सरकारको निरन्तर सहयोगलाई प्रतिबिम्बित गर्दछ ।

काठमाडौँ

२०८३ जेठ १४